Media Release

# नयाँ आवाजहरू बहुसांस्कृतिक एनएसडब्लू (Multicultural NSW) सल्लाहकार बोर्डमा सामेल भएका छन्

मंगलवार, ११ जून २०२४

बहुसांस्कृतिक एनएसडब्लू (Multicultural NSW) ले बहुसांस्कृतिक एनएसडब्लू (Multicultural NSW) सल्लाहकार बोर्डमा दुई नयाँ आवाजहरूलाई स्वागत गरेको छ र दुई वर्तमान सदस्यहरूलाई पुनः नियुक्त गरेको छ।

सिमोन चान र सोनिया गान्धीलाई सल्लाहकार बोर्डमा पुनः नियुक्त गरिएको छ, साथै नयाँ सदस्य एल्फा मोरैटाकिस र जेनिस रोड्रिग्स, जो युवा सदस्यको रूपमा सामेल हुनेछन्।

श्री चान चिनियाँ अस्ट्रेलियन फोरमको अध्यक्ष हुनुहुन्छ र हेमार्केट च्याम्बर अफ कमर्सको तत्काल पूर्व अध्यक्ष हुनुहुन्छ र अनेक कला एवं समुदाय सङ्गठनमा संलग्न छन्।

सुश्री गान्धी मूलवासी तथा बहुसांस्कृतिक समूहहरूसँग संलग्न एक सफल मार्केटिङ तथा कार्यक्रम उद्यमका संस्थापक हुन्।

सुश्री मोरैटाकिस सिडवेस्ट बहुसांस्कृतिक सेवाका सीईओ हुन्, सांस्कृतिक विविधताका मुद्दाहरूको लागि एक अग्रणी संस्था, जसले पश्चिमी सिड्नी र भित्री पश्चिमका केही भागहरूमा सामुदायिक आवश्यकता र अवसरहरूलाई सम्बोधन गर्दछ।

सुश्री रोड्रिग्स भर्खरै आएका शरणार्थी र प्रवासी युवाहरूसँग काम गर्ने एक अग्रणी गैर-लाभकारी संस्थाका लागि युवा केसवर्कर हुन्।

एपीएम निक कल्दासको अध्यक्षतामा, बहुसांस्कृतिक एनएसडब्लू (Multicultural NSW) सल्लाहकार बोर्डले सांस्कृतिक र भाषिक रूपमा विविध समुदायहरूसँग सम्बन्धित विभिन्न विषयहरूमा सल्लाह र मार्गदर्शन प्रदान गर्दछ।

**बहुसांस्कृतिक एनएसडब्लू (Multicultural NSW) सल्लाहकार बोर्ड अध्यक्ष निक कालदास एपीएमले भन्नुभयो:**

"हामी एनएसडब्लू भरिका सबै मानिसहरूको विचार र सरोकारलाई सरकारी निर्णय प्रक्रियामा सुनिएको सुनिश्चित गर्न प्रतिबद्ध छौं। बृहत्तर प्रतिनिधित्वको अर्थ ठूलो विविधता हो र यसले एनएसडब्लूलाई एक सफल बहुसांस्कृतिक राज्य बनाउँछ।"

**बहुसांस्कृतिक एनएसडब्लू (Multicultural NSW) प्रमुख कार्यकारी जोसेफ ला पोस्टाले भन्नुभयो:**

"यी नयाँ र पुनः फर्केका सल्लाहकार बोर्डका सदस्यहरू र युवा सदस्यहरूले सरकार समक्ष विभिन्न समुदायहरूको आवाजलाई बढावा दिनेछन्। भावी पुस्ताले हाम्रो महान् राज्यको समृद्ध सामाजिक संरचनाको आनन्द उठाउन सकुन् भन्ने सुनिश्चित गर्नका लागि उनीहरूको समुदायप्रतिको लगाव अत्यन्तै लाभदायक हुनेछ।"

"बहुसांस्कृतिक एनएसडब्लू सल्लाहकार बोर्डमा सामेल हुन आफ्नो रुचि प्रकट गर्ने एनएसडब्लू भरिका २५० जनालाई धन्यवाद।"

थप जानकारीको लागि मल्टीकल्चरल एनएसडब्ल्यूको वेबसाइटमा जानुहोस्:
https://multicultural.nsw.gov.au/teams/advisory-board-members/

मिडिया: केरी-एन्न होब्स, सञ्चार तथा मिडिया प्रबन्धक, ०४३९ ०८६ ३५६